# विद्युत नियमन आयोग
## (नेपालको विद्युत क्षेत्रको नियामक निकाय)

## विद्युतसम्बन्धी कम्पनीको प्रारम्भिक शेयरमा लगानी गर्ने वा दोश्रो बजारबाट शेयर खरिद गर्ने सम्बन्धमा लगानीकर्ताहरूलाई विद्युत नियमन आयोगको अनुरोध सम्बन्धि

## सूचना

विगत केही समय देखि विभिन्न पत्रपत्रिका, सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा केहि विद्युत कम्पनीका प्रवर्द्धकले शेयर मूल्यमा अस्वाभाविक वृद्धि गराउने क्रियाकलापमा संलग्न भएको कारण नेपाल स्टक एक्सचेन्जमा सूचिकृत विद्युतसम्बन्धी कम्पनीको शेयर मूल्यमा अस्वाभाविक वृद्धि भएको भनि समाचार संप्रेषण भएको सम्बन्धमा विद्युत नियमन आयोगको ध्यानाकर्षण भएको छ।

कुनैपनि विद्युतसम्बन्धी कम्पनीको शेयरमा लगानी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा लगानीकर्ता स्वयम्ले नै सम्बन्धित प्रवर्द्धक कम्पनी तथा आयोजनाको आधारभूत अवस्थाको अध्ययन गरी निर्क्योल गर्नुपर्ने धितोपत्र बजारको सामान्य सिद्धान्त हो। सुचिकृत कम्पनिले जानकारी तथा विवरण सार्वजनिक गर्दा सत्य तथा निष्पक्ष जानकारी प्रेसित गर्नु पर्ने सम्बन्धित कम्पनीको जिम्मेवारी हो। जानाजान रूपमा लगानीकर्तालाई झुक्याउने तथा बहकाउने प्रयोजनले त्रुटीपूर्ण सूचना प्रवाह गर्ने प्रवर्द्धक एवम् उत्पादक कम्पनीविरुद्ध आयोगले आवश्यक कारवाही चाल्नेछ भन्ने सुनिश्चितता दिलाउन चाहन्छौं।

अन्ततः विद्युत क्षेत्रका लगानीकर्तालाई विद्युतसम्बन्धी आयोजना एवम् कम्पनीहरूको प्राविधिक तथा वित्तीय अवस्थालाई मध्यनजर गरी तथ्यपरक सूचनामा आधारित भएर उक्त शेयरले दिने/दिन सक्ने प्रतिफलको बारेमा राम्रोसँग लेखाजोखा गरी लगानी गर्न वा शेयर खरिद गर्न आयोगले अनुरोध गर्दछ। हरेक किसिमको लगानीमा भिन्नाभिन्नै किसिम र मात्रामा जोखिमहरू हुने भएकाले लगानी गर्दा हुने सम्भावित मुनाफाको मूल्याङ्कन गर्दा त्यससँगै आउने जोखिमको पनि ध्यानपूर्वक आङ्कलन गर्नु पर्ने लगानीकर्ता स्वयम्को जिम्मेवारी हो। साथै, विद्युतसम्बन्धी कम्पनीको शेयरमा लगानी गर्ने क्रममा वा शेयर खरिद गर्दा सम्बन्धित कम्पनी तथा आयोजनाको निम्नलिखित पक्षहरू समेतको अध्ययन गरी लगानी गर्न लगानीकर्ताहरूलाई अनुरोध गरिन्छ।

क. कम्पनीको नेट वर्थ चुक्ता पुँजी भन्दा कम भएको/नभएको

ख. शेयरको बजार मूल्य र प्रति शेयर आम्दानीको अनुपात कम भएको/नभएको

ग. चालु सम्पत्ति र चालु दायित्वको अनुपात धेरै भएको/नभएको

घ. तरलता अनुपात धेरै भएको/नभएको

# विद्युत नियमन आयोग
## (नेपालको विद्युत क्षेत्रको नियामक निकाय)

ङ. निर्माणाधीन आयोजनाको हकमा कार्य प्रगति धेरै भएको/नभएको

च. निर्माणाधीन आयोजनाको विद्युत प्रवाह गर्ने नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनको कार्य प्रगति हेर्दा सो प्रसारण लाइन आयोजनाभन्दा ढिला सम्पन्न नहुने देखिएको/नदेखिएको

छ. आयोजनाको कार्य प्रगतिको हिसाबले ब्यापारिक उत्पादन गर्नु पर्ने मितिसम्म आयोजनाको निर्माण हुनसक्ने/नसक्ने

ज. आयोजनाले बैंक तथा वित्तीय संस्थाको ऋणको किस्ता वा ब्याज समयमा तिरिरहेको/नरहेको

झ. आयोजनाको सञ्चित मुनाफा अधिक रहेको/नरहेको

ञ. विगतमा कम्पनीले उचित लाभांश वितरण गर्ने गरेको/नगरेको

ट. कम्पनीको व्यवस्थापनसँग विद्युत क्षेत्रको राम्रो अनुभव भएको/नभएको

ठ. आयोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन गरिरहेको/नगरिरहेको

ड. कम्पनीको लेखा परिक्षण प्रतिवेदनमा लेखा परीक्षकको नोटमा लेखिएको बुँदाहरू

ढ. आयोजनाको प्रति मेगावाट लागत अन्य कम्पनीका आयोजनासँग तुलनीय रहेको/नरहेको

ण. ऋण तथा स्व-पुँजीको अनुपात

त. कम्पनीले लिएको ऋणको ब्याज दर उच्च्  रहेको/नरहेको

नोट : मिति २०७८ बैशाख १५ गते बिद्युत सम्बन्धि कम्पनीको शेयरको सार्बजनिक निष्काशन सम्बन्धि निर्देशिका (२०७६ ) मा आबश्यक संशोधन सम्बन्धमा राय सुझाब प्रतिक्रियाको लागि आयोग को वेब साइटमा राखियकोमा विभिन्न किसिमका राय सुझाब प्रतिक्रिया प्राप्त भएको छ । आयोगबाट उक्त निर्देशिकामा कुनै संशोधन भइ नसकेको र त्यसमा उल्लेखित विषय बस्तु अनुसार नै स्वीकृत हुने एकिन नरहेको बारे सर्ब साधारण लाई जानकारी गराउदै हाल बिद्युत सम्बन्धि कम्पनीको शेयरको सार्बजनिक निष्काशन सम्बन्धि निर्देशिका (२०७६) अनुसारनै आयोग बाट काम कारबाही भइ रहेको व्यहोरा अनुरोध गरिन्छ ।

**विद्युत नियमन आयोग**

**सानो गौचरण**